स्थानीय सरकार

# कालीगण्डकी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

विर्घा, स्याङ्जा

स्थापित २०७३

पत्र संख्याः २०८३/८४

गण्डकी प्रदेश, नेपाल

मितिः २०८३।०५।११

**प्रेस विज्ञप्ति**

मिति २०८३ भदौ १० गते रसुवा जिल्लाको भोटेकोशी तथा त्रिशूली नदी जलाधार क्षेत्रमा आएको आकस्मिक एवं विनाशकारी बाढीले पुर्‍याएको अपूरणीय क्षति, जनधनको हानिनोक्सानी र सर्वसाधारणले भोग्नुपरेको अपार कष्टप्रति कालीगण्डकी गाउँपालिका, स्याङ्जा परिवार अत्यन्तै स्तब्ध र मर्माहत भएको छ।

यस प्राकृतिक विपत्तिमा परी ज्यान गुमाउनुभएका सम्पूर्ण मृतकहरूप्रति कालीगण्डकी गाउँपालिका हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछ। साथै, बाढीमा परी बेपत्ता हुनुभएका नागरिकहरूको शीघ्र खोज तथा घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं।

यस विपद्को समयमा कालीगण्डकी गाउँपालिका वडा नं. ४ बिर्घा निवासी गुरुदत्त पाण्डे र वडा नं. ३ टंलेहवा निवासी तिलक राना हालसम्म सम्पर्क विहीन रहनुभएको हुँदा उहाँहरूको शीघ्र खोज तथा उद्धार कार्यमा सहयोग पुऱ्याउनुहुन सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछौं। साथै, प्रभावित नागरिकहरूको तत्काल उद्धार, घाइतेको उपचार, सम्पर्क विहीनहरूको खोजी कार्य र राहत व्यवस्थापनका लागि कालीगण्डकी गाउँपालिकाको तर्फबाट आर्थिक तथा अन्य सहयोग उपलब्ध गराइने प्रतिबद्धता व्यक्त गर्दछौं।

प्राकृतिक विपत्तिको सामना गर्नु सबैको साझा दायित्व भएकाले यस दुःखद् घडीमा आ-आफ्नो क्षेत्रबाट सक्दो सहयोग गर्नुहुन सम्पूर्ण सङ्घसंस्था, उद्योगी, व्यवसायी तथा आम नागरिकहरूमा कालीगण्डकी गाउँपालिका हार्दिक अपिल गर्दछ।

(सावित्रा कोइराला)
कार्यवाहक अध्यक्ष
कालीगण्डकी गाउँपालिका, स्याङ्जा